वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४५ अंक ९० | २०८३ साउन १० गते आइतबार, नेपाल सम्वत् ११४६ July 26, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



**झोलुङ्गे पुल संरक्षणसम्म सामाजिक अभियान :** तनहुँको शुक्लागण्डकी नगरपालिका–९ स्थित भ्याली युथ क्लबमा आवद्ध युवाहरू वडा नं. २ र ९ जोड्ने झोलुङ्गे पुलका जालीहरूको मर्मतसम्भार गर्दै । युवाहरूले झोलुङ्गे पुलका जाली मर्मत गरी पुलको सुरक्षा र दीर्घकालीन संरक्षणमा समेत योगदान पुऱ्याएका छन् । पुल दैनिक रूपमा स्थानीयवासी तथा विद्यार्थीहरूले प्रयोग गर्ने भएकाले यसको नियमित मर्मतसम्भार आवश्यक रहेको क्लबले जनाएको छ । क्लवले समुदायलाई सुरक्षित, सफा र व्यवस्थित बनाउने उद्देश्यका साथ विभिन्न सामाजिक तथा पूर्वाधार संरक्षणका कार्यक्रम सञ्चालन गर्दै आएको छ । क्लबका युवाहरूको सक्रिय सहभागितामा सडकमा परेका साना–साना खाल्टा पुर्ने, सडक सरसफाइ गर्ने, सडक डिभाइडरमा रङ लगाउने कार्य पनि गरेका छन् । *तस्विर : भञ्ज्याङ*

# आँबुखैरेनीले सेवा प्रवाह र विकास निर्माणलाई थप प्रभावकारी बनाउने

**भञ्ज्याङ समाचारदाता**/आँबु

तनहुँको आँबुखैरेनी गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन भएका योजना तथा कार्यक्रमको उपलब्धि, सेवा प्रवाहको अवस्था र विकास निर्माणको समग्र प्रगतिबारे समीक्षा गर्दै अन्तिम त्रैमासिक तथा वार्षिक प्रगति समीक्षा कार्यक्रम सम्पन्न गरेको छ ।

गाउँपालिका अध्यक्ष शुक्र चुमानको अध्यक्षतामा आयोजि कार्यक्रममा उपाध्यक्ष दुर्गा अर्याल, गाउँपालिकाका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका तथा वडा कार्यालयका कर्मचारी, आँबुखैरेनी अस्पतालका प्रतिनिधि तथा पालिका मातहतका विभिन्न कार्यालयका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

समीक्षा कार्यक्रममा गाउँपालिकाका विभिन्न शाखा प्रमुख तथा वडा सचिवहरूले आर्थिक वर्ष २०८२/०८३ मा आ–आफ्नो शाखा र वडा कार्यालय मार्फत सम्पादन भएका सेवा प्रवाह, विकास निर्माण तथा योजना–कार्यक्रमको प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रस्तुत प्रतिवेदनमा भौतिक तथा वित्तीय प्रगति,



नागरिकलाई प्रदान गरिएका सेवा, सञ्चालन भएका कार्यक्रम तथा कार्यसम्पादनका उपलब्धिहरु समेटिएका थिए ।

कार्यक्रममा योजना कार्यान्वयनका क्रममा प्राप्त उपलब्धि, देखिएका समस्या तथा चुनौतीका विषयमा विस्तृत समीक्षा गरिएको थियो । साथै आगामी दिनमा सेवा प्रवाहलाई थप छिटो, प्रभावकारी र सेवाग्राहीमैत्री बनाउने तथा विकास निर्माणका योजनाको

बाँकी तेस्रो पेजमा

# बन्दीपुर अस्पतालको अतिरिक्त समयको ओपीडी सेवा प्रभावकारी, ४९.२५ प्रतिशतले लिए सेवा

**भञ्ज्याङ समाचारदाता**/बन्दीपुर

तनहुँको बन्दीपुर अस्पतालले सरकारी स्वास्थ्य सेवालाई नागरिकमैत्री बनाउने उद्देश्यले सञ्चालन गरेको विस्तारित निःशुल्क ओपीडी सेवा प्रभावकारी बनेको तथ्याङ्क सार्वजनिक गरिएको छ ।

अस्पतालले मिति २०८२ वैशाख १ गतेदेखि वर्षको ३६५ दिन बिहान ७:०० बजेदेखि बेलुकी ८:०० बजेसम्म निःशुल्क ओपीडी सेवा सञ्चालन गर्दै आएकोमा एक आर्थिक वर्ष पूरा हुँदा अतिरिक्त समयमा सेवा लिने सेवाग्राहीको संख्या झण्डै आधा पुगेको अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. अनिल गिरीले बताए ।

उनका अनुसार विस्तारित सेवा अवधिमा बिहान, बेलुकी तथा सार्वजनिक बिदाका दिन सेवा लिने सेवाग्राहीको संख्या ११ हजार ८०९ अर्थात ४९.२५ प्रतिशत पुगेको छ । यो संख्या कुल ओपीडी सेवाग्राहीको करिब आधा रहेको अस्पतालको तथ्याङ्कले देखाएको छ ।

यस्तै, नियमित समयमा सेवा लिनेको संख्या १२ हजार १७१ अर्थात ५०.७५ प्रतिशत रहेको छ। यस्तै, अस्पतालको विद्युतीय स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीका अनुसार यस अवधिमा २४ हजार ५२६ जनाले सेवा लिएको देखाइएको छ । यसले कार्यालय समयका कारण सरकारी अस्पताल पुग्न कठिनाइ हुने नागरिकका लागि विस्तारित सेवा अत्यन्त उपयोगी बनेको पुष्टि गरेको अस्पतालको निष्कर्ष छ ।




सरकारी अस्पतालमा परम्परागत रूपमा बिहान १० देखि अपराह्न ५ बजेसम्म मात्रै सेवा उपलब्ध हुने व्यवस्थाका कारण विद्यार्थी, सरकारी तथा निजी क्षेत्रका कर्मचारी, दैनिक ज्यालादारी मजदुर, व्यापार–व्यवसायमा संलग्न व्यक्ति, सुत्केरी महिला तथा गृहिणीहरूलाई उपचारका लागि समय मिलाउन कठिन हुने गरेको थियो । यही समस्यालाई मध्यनजर गर्दै बन्दीपुर अस्पतालले नियमित समयभन्दा बाहिर पनि निःशुल्क ओपीडी सेवा सञ्चालन गर्ने निर्णय गरेको थियो ।

अस्पतालले सुरू गरेको यो सेवाबाट बिरामीले आफ्नो अनुकूल समयमा उपचार पाउने अवसर प्राप्त गरेका छन् । विशेषगरी बिहान कार्यालय वा विद्यालय जानुअघि तथा साँझ काम सकिएपछि अस्पताल पुग्न सक्ने सुविधा उपलब्ध भएकाले सेवाप्रतिको आकर्षण उल्लेखनीय रूपमा बढेको अस्पतालले जनाएको

बाँकी तेस्रो पेजमा

# त्रिवि उपकुलपतिद्वारा आदिकवि भानुभक्त क्याम्पसको अनुगमन

**भञ्ज्याङ समाचारदाता**/दमौली

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. भोला थापा तथा परीक्षा नियन्त्रक प्रा.डा. लक्ष्मण पौडेलले शनिबार तनहुँको व्यास नगरपालिका–१, दमौलीस्थित आदिकवि भानुभक्त क्याम्पसको अनुगमन भ्रमण गरेका छन् । भ्रमणका क्रममा उनिहरूले क्याम्पसको शैक्षिक गतिविधि, भौतिक पूर्वाधार तथा समग्र व्यवस्थापनको स्थलगत अवलोकन गरेका थिए ।



अनुगमनपछि क्याम्पसमा आयोजित छलफलमा उपकुलपति प्रा.डा. थापाले त्रिभुवन विश्वविद्यालय शैक्षिक सुधार, गुणस्तर अभिवृद्धि तथा विश्वविद्यालयको विकेन्द्रीकरणलाई प्राथमिकतामा राखेर अघि बढिरहेको बताए । उनले गण्डकी प्रदेशका विद्यार्थीलाई सहज हुने गरी पोखरामा छिट्टै प्रदेशस्तरीय दीक्षान्त समारोह आयोजना गर्ने तयारी भइरहेको जानकारी दिए ।

उनका अनुसार क्याम्पसहरूले सञ्चालन गर्दै आएका स्वायत्त (अटोनोमस) कार्यक्रमलाई पुनः सञ्चालनमा ल्याइने छ । यसका साथै प्रक्रिया पूरा गरी विश्वविद्यालयमा पेश भएका नयाँ शैक्षिक कार्यक्रम तथा विषय थपका प्रस्तावलाई समेत प्राथमिकताका

बाँकी तेस्रो पेजमा

# विद्यार्थीलाई गृहकार्य : आवश्यकता कि बोझ ?

मेरी नातिनी कक्षा ६ मा पढ्छिन् । कहिलेकाहीँ म उनलाई लिन विद्यालय जाने गरेको छु ।

केही दिनअघि विद्यार्थी छुट्नु १० मिनेट अगावै विद्यालय पुगेकोले केही समय नातिनीलाई बाहिर पर्खनुपर्‍यो । त्यहाँ अरु अभिभावक पनि भएकाले विद्यार्थीलाई दिइने गृहकार्यबारे छलफल हुँदै थियो । कोही भन्दै हुनुहुन्थ्यो– बालबालिकालाई गृहकार्य बढी भयो । कसैको तर्क थियो– ठिकै छ, यति त चाहिन्छ, नत्र उफ्रेर खप्न दिँदैनन् ।

विद्यार्थीलाई दिइने गृहकार्यबारे राम्रो सिकाइ उपलब्धि भएका देशको अभ्यास के छ? अध्ययन, अनुसन्धानले के भन्छ? शिक्षा क्षेत्रका अनुभवीहरुको धारणा के छ? यिनै विषयमा माध्यमिक तहका केही शिक्षक र विद्यार्थीसमेतसँगको छलफलपछि यो लेख तयार गरिएको हो ।

विद्यालय शिक्षाको सन्दर्भमा गृहकार्य शिक्षण सिकाइ क्रियाकलापको एक अपरिहार्य र अभिन्न अङ्गको रुपमा रहेको छ । विद्यालयमा सिकेका ज्ञान र सिपलाई अभ्यास गर्ने, स्मरण गर्ने र बालबालिकाको सिकाइ क्षमताको विकास गर्ने माध्यमको रुपमा गृहकार्यलाई लिइन्छ ।

तर, गृहकार्यको आवश्यकता, यसको मात्रा र विद्यार्थीहरुमा पर्ने प्रभावका बारेमा शिक्षा क्षेत्रमा निकै लामो समयदेखि बहस हुँदै आएको छ। यो लेखमा बालबालिकालाई गृहकार्य दिने कि नदिने, दिए कति मात्रामा दिने र यसले बालबालिकालाई कस्तो प्रभाव पार्छ भन्ने विषयमा चर्चा गरिन्छ ।

**गृहकार्य किन आवश्यक छ?**

अमेरिकी शिक्षाविद् अल्फी कोन विद्यार्थीलाई गृहकार्य दिने परिपाटीको कडा विरोध गर्छन् । गृहकार्यले बालबालिकालाई अतिरिक्त बोझ थप्छ र पारिवारिक तथा व्यक्तिगत समयबाट टाढा गराउँछ । उनको दृष्टिकोणमा अतिरिक्त विद्यालयको कार्यभन्दा आराम, खेलकुद र मनोरञ्जनलाई प्राथमिकता दिनुपर्छ । उनको तर्क छ, 'प्राथमिक तहका विद्यार्थीहरुका लागि गृहकार्यले शैक्षिक उपलब्धिमा सुधार ल्याउँछ भन्ने कुनै प्रमाण छैन ।'

अल्फी कोन जस्तै गृहकार्य नै दिनु हुँदैन भन्ने शिक्षाविदहरु कमै पाइन्छन् । वास्तवमा विद्यार्थीका लागि गृहकार्य विद्यालयको समय सकिएपछिको निरन्तर सिकाइ प्रक्रिया हो ।

कक्षामा शिक्षकले पढाएको कुरा एक पटक सुनेर मात्र विद्यार्थीको दिमागमा पूर्ण रुपमा बस्दैन। जब विद्यार्थीहरु घरमा गएर त्यही विषयमा गृहकार्य गर्छन्, तब विद्यालयमा सिकेको विषयवस्तुको पुनरावृत्ति हुन्छ र उनीहरुले पढेको कुरा राम्रोसँग बुझ्छन् र ज्ञान स्थायी बन्छ । यसले सिकाइलाई सुदृढ पार्न मद्दत गर्छ । कक्षाकोठाको सिकाइलाई बलियो बनाउँछ र दिगो बनाउँछ ।

गृहकार्य प्रायः विद्यार्थीले एक्लै गर्नुपर्ने हुन्छ। जसका कारण विद्यार्थीहरुलाई आफैं अध्ययन गर्ने बानीको विकास गर्छ । नियमित रुपमा गृहकार्य गर्दा विद्यार्थीमा समय व्यवस्थापन गर्ने, अनुशासित बन्ने र आत्मनिर्भर हुने बानीको विकास हुन्छ।

गृहकार्यको माध्यमबाट विद्यार्थीको प्रगति मूल्याङ्कन गर्न पनि सजिलो हुन्छ । विद्यार्थीले पढेको विषय कत्तिको बुझेका छन्, त्यसलाई आफ्नै भाषा र शैलीमा कत्तिको व्याख्या विश्लेषण गर्न सक्छन् भनेर शिक्षकले सजिलै थाहा पाउन सक्छन्। विद्यार्थीले गृहकार्यमा गरेका गल्ती कमजोरी पहिचान गरेर उनीहरुलाई थप मद्दत गर्न र पृष्ठपोषण दिन शिक्षकलाई सहज हुन्छ ।

खासगरी प्राथमिक तहका बालबालिकाको गृहकार्यमा अभिभावक पनि संलग्न हुन्छन् । जसले अभिभावक र सन्तानबीचको अन्तर्क्रिया बढाउँछ । बालबालिका र अभिभावकबीचको सम्बन्ध सुमधुर बनाउँछ र घरमा पढ्ने सकारात्मक वातावरण सिर्जना गर्न मद्दत गर्छ ।

विद्यालयबाट फर्केपछिको पूरै समय खाली हुने हो भने बालबालिका कुलतमा फस्ने, सामाजिक सञ्जालको लत लाग्ने, आवश्यकभन्दा बढी समय खेलकुदमा बिताउने जस्ता नकारात्मक बानीको विकास हुन सक्छ । त्यसैले गृहकार्यले विद्यार्थीलाई फुर्सदको समयको सही सदुपयोग गर्न सिकाउँछ ।

गृहकार्य सम्बन्धमा एक अनुसन्धानले भन्छ– गृहकार्यले बालबालिकामा जवाफदेहिता, स्वतन्त्रता, अनुशासन, समय व्यवस्थापन, स्वनिर्देशन, समालोचनात्मक चिन्तन र समस्या समाधान गर्ने सिपको विकास गर्छ ।

गृहकार्यको मात्रा बालबालिकाको उमेर, क्षमता र तहअनुसार सन्तुलित हुनुपर्छ। अत्यधिक गृहकार्यले बालबालिकाको मानसिक र शारीरिक स्वास्थ्यमा असर गर्छ।



डा. बलराम तिमल्सिना

गृहकार्य सिकाइलाई मजबुत बनाउने र विद्यार्थीको बुझाइमा सुधार गर्ने मूल्यवान साधनका रुपमा लिन्छन्, सामुदायिक विद्यालयका शिक्षकहरु । उनीहरुका बुझाइमा गृहकार्य विद्यार्थीको व्यक्तिगत स्तरअनुसार तयार पारिएको हुनुपर्छ र यसलाई सजायको रुपमा प्रयोग गर्नु हुँदैन।

**बढी गृहकार्य किन हानिकारक छ?**

अपवाद बाहेक शिक्षक, अभिभावक, शिक्षाविद्हरु विद्यार्थीलाई गृहकार्य दिनुपर्छ भन्नेमा एकमत देखिन्छन् । अभिभावकले भने अलि बढी गृहकार्य हुँदा ठिक हुन्छ भन्ने गरेको सुनिन्छ । तर विद्यार्थीलाई गृहकार्यको भारी बोकाइयो भने सिकाइमा नकारात्मक परिणाम प्राप्त हुन्छ ।

विद्यालयमा लामो समय पठनपाठन प्रक्रियामा संलग्न भएर घर फर्केपछि पनि घण्टौंसम्म गृहकार्य गर्नुपर्दा बालबालिका मानसिक रुपमा थकित हुन्छन्। यसले उनीहरुमा मानसिक तनाव, पढाइप्रति नैराश्यता र वितृष्णा पैदा गर्न सक्छ ।

अधिक गृहकार्यका कारण मानसिक मात्र नभई शारीरिक स्वास्थ्यमा पनि असर पर्छ । धेरै गृहकार्य गर्ने विद्यार्थीहरु घण्टौं एउटै कुर्सी वा आसनमा बस्नुपर्ने हुन्छ । यसले गर्दा ढाड दुख्ने, आँखा कमजोर हुने र मोटोपन बढ्ने जस्ता शारीरिक समस्याहरु देखा पर्न सक्छन् ।

गृहकार्यको चापले राति ढिलासम्म पढ्नुपर्ने हुन्छ, जसले गर्दा विद्यार्थीलाई निद्रा पुग्दैन। पर्याप्त निद्रा नपुग्दा भोलिपल्ट कक्षामा अल्छी मान्ने र एकाग्र हुन नसक्ने हुन्छ ।

बालबालिकाका लागि खेल्नु, साथीहरुसँग घुलमिल हुनु र समाजका विभिन्न गतिविधिमा भाग लिनु जीवन विकासका महत्त्वपूर्ण प्रक्रिया हुन् । तर अत्यधिक गृहकार्यले उनीहरुको सामाजिक जीवनलाई खुम्च्याइदिन्छ । उनीहरु घरभित्रै सीमित हुन्छन् र साथी तथा आफन्तदेखि टाढा हुन्छन् । यसले गर्दा उनीहरुको सिर्जनात्मक क्षमता, सामाजिक भावना र प्रयोगात्मक ज्ञानको विकासमा बाधा पुग्छ।

उच्च सिकाइ उपलब्धि हासिल गरिरहेका विद्यार्थीमा गरिएको एक अनुसन्धानका अनुसार अधिक गृहकार्यका कारण निन्द्राको कमी, थकान, टाउको दुख्ने, पेटको सम्स्या हुने, खान मन नलाग्ने जस्ता समस्या बालबालिकामा देखापर्ने हुन्छ ।

मनोचिकित्सकको भनाइमा घरमा लामो समय गृहकार्यमा बिताउने बालबालिकाको मानसिक स्वास्थ्यमा नकारात्मक असर पर्छ । स्ट्यानफोर्ड विश्वविद्यालयको एक अध्ययनले पत्ता लगाएअनुसार गृहकार्यमा धेरै समय बिताउने विद्यार्थीहरुले मानसिक तनाव, शारीरिक स्वास्थ्य समस्या, जीवनमा सन्तुलनको कमी र इक्लोपन महसुस गर्छन् ।

अमेरिकी शिक्षाविद् एट्टा क्रालोभेक र क्यानेडियन शिक्षाविद् जोन बुलले संयुक्त रुपमा लेखेको 'गृहकार्यको अन्त्य' शीर्षकको पुस्तकमा गृहकार्यले गरिबलाई दण्ड दिने कुरा उल्लेख गरेका छन् । उनीहरु भन्छन्, 'धनीले गृहकार्यको सहयोगको लागि निजी शिक्षक राखेका हुन्छन् जुन गरिबले सक्दैनन् । यो अवस्था हाम्रो देशमा खासगरी शहरी क्षेत्रमा प्रशस्तै देख्न सकिन्छ ।'

**गृहकार्य कति हुनुपर्छ ?**

गृहकार्यको मात्रा विद्यार्थीको उमेर र शैक्षिक स्तरअनुसार फरक हुनुपर्छ । गृहकार्यसम्बन्धी अग्रणी अनुसन्धानकर्ता ड्यूक विश्वविद्यालयका प्राध्यापक ह्यारिस एम. कुपरले गृहकार्य र शैक्षिक उपलब्धिबीचको सम्बन्धका बारेमा दशकौंदेखि गरिएका अध्ययनहरुको विश्लेषण गर्नुभएको छ। उहाँले '१० मिनेटको नियम' प्रस्ताव गर्नुभएको छ । यो प्रस्तावअनुसार कक्षा १ का विद्यार्थीले दैनिक १० मिनेट र कक्षा १० का विद्यार्थीले १०० मिनेट गृहकार्य गर्नुपर्ने हुन्छ । यो प्रस्तावलाई कयौं देशका शिक्षक अभिभावक संघले निर्णय गरेर लागु गरेको पाइन्छ ।

प्राथमिक उमेरका बालबालिका भर्खर पढ्न सिक्दै हुन्छन्, त्यसैले उनीहरूलाई धेरै गृहकार्य दिनु हुँदैन । कक्षा १ मा १० वा १५ मिनेटदेखि क्रमशः कक्षा ५ सम्मका विद्यार्थीलाई ५० मिनेटदेखि अधिकतम १ घण्टाको गृहकार्य पर्याप्त हुन्छ । गृहकार्यमा लेखाइ, पढाइ र गणितीय सिप विकास गर्ने रमाइला क्रियाकलापहरु समावेश हुनुपर्छ ।

आधारभूत तह कक्षा ६ देखि ८ सम्मका विद्यार्थीहरूलाई विस्तारै स्वतन्त्र रुपमा अध्ययन गर्ने बानी बसाल्ने किसिमका गृहकार्यमा जोड दिनुपर्छ । उनीहरुका लागि दैनिक १ देखि डेढ घण्टाको गृहकार्य उपयुक्त मानिन्छ । यस्ता किसिमका गृहकार्यले उनीहरूलाई नयाँ विषयवस्तु खोज्न र बुझ्न प्रेरित गर्छ ।

माध्यमिक तह कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरुले क्षेत्रीय र राष्ट्रिय स्तरको बोर्ड परीक्षाका लागि तयारी गर्नुपर्ने हुन्छ । त्यसैले यी कक्षाहरुमा गृहकार्य अलि गहिरो र विस्तृत हुन सक्छ र विद्यार्थीले केही लामो समय गृहकार्यमा बिताउनु पर्ने हुन्छ । यद्यपि, उनीहरूलाई पनि दैनिक २ घण्टा देखि २.५ घण्टा भन्दा बढीको गृहकार्य दिनु हुँदैन ।

**गुणस्तरीय गृहकार्य कस्तो हुनुपर्छ?**

गृहकार्य मूलतः पाठ्यपुस्तकबाट प्रश्न सोध्ने र त्यही पुस्तक पढेर उत्तर लेख्ने किसिमका हुन्छन् । तर गृहकार्यलाई रूचिकर, रमाइलो, रचनात्मक र प्रयोगात्मक बनाउन पाठसँग प्रत्यक्ष सम्बन्ध हुने किसिमका चित्र बनाउने, कुनै विषयमा परिवार र समाजका सदस्यसँग कुराकानी गरेर प्रतिवेदन तयार पार्ने, करेसाबारी तथा बगैंचामा काम गर्ने जस्ता प्रयोगात्मक गृहकार्य दिन सकिन्छ ।

पाठ्यपुस्तकको गृहकार्यमा निर्देशन स्पष्ट नै हुन्छ । तर सिर्जनात्मक तथा प्रयोगात्मक किसिमका गृहकार्य दिँदा शिक्षकले विद्यार्थीहरूलाई स्पष्ट रुपमा बुझ्ने गरी निर्देशन दिनुपर्छ । विद्यार्थीले गरेको गृहकार्य शिक्षकले ध्यान दिएर परीक्षण गर्नुपर्छ ।

विद्यार्थीको सिकाइ क्षमता र स्तरअनुसार एउटै कक्षामा पढ्ने विद्यार्थीलाई पनि फरकफरक गृहकार्य दिनुपर्ने हुन्छ । त्यसैले शिक्षकले गृहकार्य दिँदा विद्यार्थीको व्यक्तिगत क्षमता र रूचिलाई ध्यान दिनुपर्छ । कमजोर विद्यार्थीलाई सिकाइको लागि प्रेरणा मिल्ने र जेहेनदार विद्यार्थीका लागि सिर्जनात्मक र खोज तथा अनुसन्धान गर्नुपर्ने किसिमका गृहकार्य दिनु उपयुक्त हुन्छ ।

सिर्जनात्मक, प्रयोगात्मक वा खोज अनुसन्धानको नाममा गृहकार्यमा पूर्णतः नयाँ विषयवस्तु दिनु हुँदैन ।

स्टानफोर्ड विश्वविद्यालयका प्राध्यापक डेनिस पोपका अनुसार विद्यार्थीको रूचि, उमेर र क्षमताअनुसार दिइने रचनात्मक तथा स्वायत्तता प्रदान गर्ने गुणस्तरीय गृहकार्यले उनीहरूको उत्प्रेरणा र शैक्षिक स्तर बढाउँछ । बोझिलो गृहकार्य दिनुभन्दा विद्यार्थीलाई विषयवस्तु स्पष्टसँग बुझाउने खालको अर्थपूर्ण गृहकार्य दिनुपर्छ ।

स्पष्ट उद्देश्यसहित सिकाइसँग जोडिएको, विद्यार्थीले विना कुनै सहयोग वा सामान्य सहयोगमा पूरा गर्न सक्ने, शिक्षकद्वारा निर्देशन स्पष्ट र व्याख्या गरिएको, विद्यार्थीलाई समर्पित, मिहिनेती, नवीन, सिर्जनशील र आलोचनात्मक विचारक बन्न प्रोत्साहित गर्ने गृहकार्य राम्रो मानिन्छ।

**अभिभावकको भूमिका**

गृहकार्य मात्र होइन बालबालिकाको समग्र पढाइलाई प्रभावकारी बनाउन अभिभावकको भूमिका महत्त्वपूर्ण हुन्छ । घरमा बालबालिकालाई पढ्नका लागि शान्त र उपयुक्त वातावरण सिर्जना गर्ने, गृहकार्य गर्दा आउने कठिनाइलाई धैर्यतापूर्वक सुन्ने, निरन्तर हौसला प्रदान गर्नुपर्छ । तर आफैँले पूरा उत्तर भनिदिने वा लेखिदिने गर्नु हुँदैन ।

अभिभावक बालबालिकाले गृहकार्य गरून्जेल सँगै बस्न नभ्याए पनि बेलाबेलामा गृहकार्य कति गर्यौ कति बाँकी छ जस्ता प्रश्न विनम्र भएर सोध्ने गर्नुपर्छ र अप्रत्यक्ष रुपमा नियमित निगरानी गर्नुपर्छ ।

**अन्त्यमा**

गृहकार्य शिक्षण सिकाइ प्रक्रियाको एक अभिन्न क्रियाकलाप हो । यसले कक्षामा सिकेको ज्ञानलाई दिगो बनाउन र विद्यार्थीलाई अनुशासित तथा आत्मनिर्भर बनाउन मद्दत गर्छ । गृहकार्यले आफ्नो शैक्षिक क्षमतामा विश्वास गर्ने, लगनशील बन्ने, भविष्यप्रति सकारात्मक सोच राख्ने सिपको विकास गराउँछ । यसले बालबालिकालाई कठिनाइमा धैर्यता अपनाउन र चुनौतीलाई सामना गर्न तयार गर्छ । गृहकार्य बालबालिकालाई परिपक्व सिकाइमा मद्दत गर्ने एउटा मुख्य माध्यम हो ।

तर, गृहकार्यको मात्रा बालबालिकाको उमेर, क्षमता र तहअनुसार सन्तुलित हुनुपर्छ । अत्यधिक गृहकार्यले बालबालिकाको मानसिक, शारीरिक, भावनात्मक र संवेगात्मक स्वास्थ्यमा असर पर्छ । गृहकार्य विद्यार्थीले बोझ महसुस नगर्ने र पाठ्य विषयवस्तुसँग मेल खाने, रमाइलो, प्रयोगात्मक, स्पष्ट तथा सिर्जनात्मक हुनुपर्छ। शिक्षक र अभिभावकले संयुक्त रुपमा विद्यार्थीको गृहकार्यलाई सही दिशा दिन सकेमा यसले बालबालिकाको सिकाइ प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्छ । अनलाइनखबरबाट

## तपाईंको आज

**मेष**
प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ। औषधि–उपचारमा खर्च बढ्नेछ।

**वृष**
कमजोर नतिजा सच्याउन काम दोहोर्याउनुपर्ने हुन सक्छ। लगनशीलताले लाभ उठाउन सकिनेछ।

**मिथुन**
प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। साथीभाइको सहयोगले काममा उत्साह मिल्नेछ।

**कर्कट**
भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। अतिथिका रुपमा सत्कार पाइनेछ।

**सिंह**
खर्च लागे पनि घुमफिर तथा मनोरञ्जनको समय छ। आम्दानी बढाउने काम सुरू हुनेछ।

**कन्य**
प्रेम र मित्रताको बन्धन कसिनेछ। व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुन सक्छ।

**तुला**
चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्याउनेछ। समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ।

**वृश्चिक**
दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। रोग तथा शत्रुमाथि विजय प्राप्त हुनेछ।

**धनु**
प्रतिस्पर्धाको दौडमा समेत जित हासिल हुनेछ। पेसा–व्यवसायमा मनग्य लाभ उठाउन सकिनेछ।

**मकर**
रोकिएको काम सम्पादन हुनेछ र नयाँ काम गर्ने अवसर समेत जुट्नेछ। अध्ययनमा राम्रो प्रगति हुनेछ।

**कुम्भ**
शुभचिन्तकहरुले साथ दिनेछन्। प्रतिभा प्रदर्शन गर्दै उपलब्धि प्राप्त गर्न सफल भइनेछ।

**मीन**
बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। सानो प्रयत्नले लक्ष्य प्राप्त हुनुका साथै दिगो काम प्रारम्भ हुनेछ।



**गण्डकीमा स्नान र पूजा :** हरिबोधिनी एकादशी तिथिका अवसरमा शनिबार पोखराको गाईघाटमा तिर्थालु भक्तजन स्नान गरी पूजाअर्चना गर्दै । हरिबोधिनी एकादशीका दिन भगवान् विष्णु योगनिद्राबाट जागृत हुने विश्वास सहित यस दिन गण्डकीमा स्नान, पूजा र दान गर्दा पाप क्षय भई सुख, शान्ति र मोक्ष प्राप्त हुने धार्मिक मान्यता छ । *तस्बिरः बिष्णु पौडेल 'निरिस'/भञ्ज्याङ*

# देशव्यापी विरोधबीच भारतीय शिक्षामन्त्रीद्वारा राजीनामा

रासस/एएनआई/नयाँदिल्ली

भारतका केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले 'एनइइटी-युजी २०२६' को प्रश्नपत्र चुहावटसम्बन्धी विवादपछि शनिबार पदबाट राजीनामा दिनुभएको छ । प्रधानले देशभर जारी विरोध प्रदर्शनका बीच विद्यार्थीहरूको हितलाई केन्द्रमा राख्दै र युवाहरूलाई भ्रममा पर्न नदिन आफूले केन्द्रीय मन्त्रिपरिषद्बाट राजीनामा दिएको बताउनुभएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीलाई सम्बोधन गर्दै लेखिएको राजीनामा पत्रमा उहाँले शिक्षा क्षेत्रसँग चार दशकभन्दा बढी समयदेखि आबद्ध रहेको उल्लेख गर्दै सशक्त, समावेशी र दूरदर्शी शिक्षा प्रणाली राष्ट्र निर्माणको आधार भएको बताउनुभएको छ ।

उहाँले मे ३ मा सञ्चालित 'एनइइटी-युजी २०२६' परीक्षामा अनियमितता देखिएपछि सरकारले तत्काल केन्द्रीय अनुसन्धान ब्युरो (सीबीआई) लाई अनुसन्धानको जिम्मेवारी दिएको, परीक्षा रद्द गरी पुनः परीक्षा गराएको तथा आगामी वर्षदेखि परीक्षा कम्प्युटर-आधारित परीक्षण (सिबिटी) प्रणालीमार्फत सञ्चालन गर्ने निर्णय गरेको उल्लेख गर्नुभएको छ। सम्बलपुरबाट निर्वाचित सांसदसमेत रहनुभएका प्रधानले पुनःपरीक्षा प्रक्रियामा २० लाखभन्दा बढी विद्यार्थीको हित संरक्षण सरकारको मुख्य प्राथमिकता रहेको बताउनुभयो । परीक्षासम्बन्धी विवादका कारण कुनै पनि योग्य विद्यार्थीको भविष्य प्रभावित हुन नदिने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो ।



उहाँका अनुसार जुलाई १६ मा सार्वजनिक गरिएको 'एनइइटी-युजी २०२६' को नतिजामा आर्थिक रूपमा कमजोर पृष्ठभूमिका धेरै योग्य विद्यार्थीले पनि सफलता हासिल गरेका छन् । राजीनामा पत्रमा प्रधानले केही जिम्मेवार व्यक्तिले विद्यार्थीहरूलाई भ्रममा पार्ने प्रयास गरेको भन्दै असन्तुष्टि जनाउनुभएको छ । पछिल्ला घटनाले आफूलाई दुःखी बनाएको उल्लेख गर्दै उहाँले जन्तर मन्तरलगायत विभिन्न स्थानमा जारी आन्दोलनको फाइदा राष्ट्रविरोधी शक्तिले उठाउन नपाउन् भन्ने उद्देश्यले राजीनामा दिएको बताउनुभएको छ ।

प्रधानले शिक्षामन्त्रीका रूपमा काम गर्ने अवसर दिएकोमा प्रधानमन्त्री मोदीप्रति आभार व्यक्त गर्दै मन्त्रिपरिषद्का सहकर्मी तथा शिक्षा मन्त्रालयका अधिकारी र कर्मचारीलाई धन्यवाद दिनुभएको छ । राष्ट्रसेवा आफ्नो सर्वोच्च प्राथमिकता रहने उहाँले उल्लेख गर्नुभएको छ । यसैबीच, 'एनइइटी-युजी २०२६' विवादलाई लिएर भारतभर विरोध प्रदर्शन जारी छ। आन्दोलनका क्रममा सामाजिक अभियन्ता सोनम वाङचुकले जन्तर मन्तरमा २६ दिन लामो अनशन गर्नुभएको थियो ।

उता, भारत सरकारले प्रश्नपत्र चुहावट रोक्न विशेष फास्ट-ट्र्याक अदालत र विशेष कार्यदल (एसटीएफ) गठनसहित कडा पेपर चुहावट विरूद्धको कानुन ल्याउने तयारी गरिरहेको जनाएको छ ।

# आँवुखैरेनीले सेवा प्रवाह ....

गुणस्तर, समयमै सम्पन्नता र पारदर्शिता सुनिश्चित गर्ने विषयमा सहभागीहरूबीच छलफल भएको गाउँपालिकाले जनाएको छ ।

समीक्षाका क्रममा आगामी आर्थिक वर्षमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई अझ प्रभावकारी बनाउने, शाखाहरूबीच समन्वय बढाउने र नागरिकको अपेक्षा अनुसार सेवा प्रवाहलाई सुधार गर्दै लैजाने विषयमा समेत सुझाव संकलन गरिएको थियो ।

गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन तथा सम्पन्न भएका योजना र कार्यक्रमहरूको शाखागत तथा वडागत विस्तृत विवरण क्रमशः सार्वजनिक गरिने जनाएको छ । साथै विकास र सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन नागरिक, सरोकारवाला निकाय तथा सबै पक्षबाट प्राप्त हुने रचनात्मक सुझाव र सल्लाहलाई उच्च प्राथमिकताका साथ ग्रहण गरिने गाउँपालिकाले जनाएको छ ।

गाउँपालिका अध्यक्ष शुक्र चुमानले समीक्षा कार्यक्रमले विगतका कार्यको वस्तुगत मूल्याङ्कन गर्दै आगामी दिनका लागि सुधारका आधार तय गर्न महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई केन्द्रमा राखेर नागरिकमैत्री सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

# बन्दीपुर अस्पतालको .......

छ ।

अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. गिरीका अनुसार विस्तारित सेवाले स्वास्थ्य सेवामा नागरिकको पहुँच बढाउनुका साथै सरकारी स्वास्थ्य संस्थाप्रतिको विश्वाससमेत सुदृढ बनाउन महत्वपूर्ण योगदान दिएको छ ।

डा. गिरीले एक वर्षसम्म सेवा निरन्तर सञ्चालन गर्न सहयोग पुऱ्याउने अस्पताल परिवार, बन्दीपुर गाउँपालिका, सम्बन्धित सरकारी निकाय तथा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग गर्ने सम्पूर्ण व्यक्तिप्रति आभार व्यक्त गरेका छन् । उनले नागरिकको सुविधालाई केन्द्रमा राखेर सरकारी सेवालाई अझ सेवाग्राहीमुखी, सहज र गुणस्तरीय बनाउने प्रयास आगामी दिनमा पनि निरन्तर रहने बताए।

उनका अनुसार स्वास्थ्य सेवा विस्तारको उद्देश्य केवल सेवा समय बढाउनु मात्र नभई उपचारमा पहुँच नपुगेका समुदायलाई समेत सरकारी स्वास्थ्य सेवाको दायरामा ल्याउनु हो । विस्तारित ओपीडी सेवाले यस अभियानलाई सफल बनाउन उल्लेखनीय भूमिका खेलेको उनले बताए ।

अस्पतालले सेवा अझ प्रभावकारी बनाउन स्थानीय नागरिक, सरोकारवाला निकाय तथा सेवाग्राहीबाट रचनात्मक सुझावसमेत अपेक्षा गरेको छ । प्राप्त सुझावका आधारमा सेवा व्यवस्थापन, गुणस्तर सुधार तथा थप सेवाग्राहीमैत्री कार्यक्रम सञ्चालन गरिने अस्पतालले जनाएको छ ।

स्वास्थ्य क्षेत्रमा पछिल्ला वर्षहरूमा नागरिकको आवश्यकता र जीवनशैलीअनुसार सेवा विस्तारको अभ्यास बढिरहेका बेला बन्दीपुर अस्पतालको यो पहल अन्य सरकारी अस्पतालका लागि पनि उदाहरणीय बन्न सक्ने स्वास्थ्य क्षेत्रका जानकारहरूको भनाइ छ । कार्यालय समयभन्दा बाहिर पनि सहज रूपमा उपचार सेवा उपलब्ध गराउने व्यवस्थाले सरकारी स्वास्थ्य सेवाको प्रभावकारिता बढाउने विश्वास गरिएको छ ।

# त्रिवि उपकुलपतिद्वारा .......

साथ छिट्टै निर्णयमा पुऱ्याइने उनले बताए ।

"विश्वविद्यालयको समग्र शैक्षिक गुणस्तर सुधार हाम्रो प्रमुख प्राथमिकता हो", उपकुलपति थापाले भने, "प्रक्रिया पूरा गरेर आएका नयाँ विषय थपका निवेदनहरूलाई पनि यथाशीघ्र टुङ्गोमा पुऱ्याइनेछ ।"

कार्यक्रममा क्याम्पस प्रमुख महाप्रसाद हड्खलेले आदिकवि भानुभक्त क्याम्पसको वर्तमान शैक्षिक अवस्था, आर्थिक व्यवस्थापन, भौतिक पूर्वाधार, विद्यार्थी भर्ना, सञ्चालनमा रहेका शैक्षिक कार्यक्रम, भावी रणनीति तथा क्याम्पसले सामना गरिरहेका चुनौतीबारे उपकुलपति र परीक्षा नियन्त्रकलाई विस्तृत जानकारी गराएका थिए ।

छलफलका क्रममा क्याम्पसको शैक्षिक विकास, नयाँ कार्यक्रम सञ्चालन, पूर्वाधार विस्तार तथा विश्वविद्यालयसँगको समन्वयलाई थप प्रभावकारी बनाउने विषयमा समेत विचार आदानप्रदान गरिएको बताइएको छ ।

अनुगमन तथा छलफल कार्यक्रममा क्याम्पस सञ्चालक समितिका अध्यक्ष केशबहादुर सुनार, उपाध्यक्ष श्रीराम कार्की, सहायक क्याम्पस प्रमुख डा. रामकुमार अधिकारी र विश्वेश्वर तिमल्सिना लगायत सञ्चालक समिति, प्राध्यापक तथा क्याम्पसका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

क्याम्पस प्रशासनले उपकुलपति तथा परीक्षा नियन्त्रकको भ्रमणले क्याम्पसको शैक्षिक विकास, नयाँ कार्यक्रम विस्तार तथा विश्वविद्यालयसँगको सहकार्यलाई थप सुदृढ बनाउन सकारात्मक योगदान पुग्ने विश्वास व्यक्त गरेको छ ।


**व्यास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमौली तनहुँ । गण्डकी प्रदेश

**नगर लोककल्याणकारी सन्देश**

**सार्वजनिक सूचना**

व्यास नगरपालिका नगर कार्यपालिका कार्यालयको सडक पेटि अवरुद्ध हुनेगरी निर्माण भएका पक्की संरचना, वरण्डा तथा टिनका संरचना हटाउने सम्वन्धी दोश्रो पटकको सूचना ।

व्यास नगरपालिकाको २०८३ जेष्ठ २२ गते बसेको नगर कार्यपालिकाको २३८ औं नियमित बैठकको निर्णय बमोजिम मिति २०८३ जेष्ठ २५ गते प्रथम पटक ३५ (पैंतिस) दिने सुचना जारी गरिसकिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि पुनः स्मरण गराइन्छ । साथै मिति २०८३ श्रावण १ गते बसेको नगर कार्यपालिकाको २४३ औं नियमित बैठकको निर्णय नं. ६ बमोजिम, व्यास नगरपालिका वडा नं. २, ३ र ४ का बजार क्षेत्रमा सडक पेटि अवरुद्ध हुनेगरी गरी निर्माण गरिएका च्याम्प सिंढी जस्ता पक्की संरचना, सडक अधिकार क्षेत्रभित्र पर्ने गरी निर्माण गरिएका टिनका छज्जा, सार्वजनिक आवागमनमा अवरोध पुऱ्याउने व्यवसाय तथा सडकमा सिधै पानी खसाल्ने पाइप मिति २०८३ श्रावण १५ गतेभित्र सम्वन्धित घरधनी तथा व्यवसायीहरूले स्वयं हटाइदिनुहुन अनुरोध गरिन्छ । अन्यथा, व्यास नगरपालिकाले प्रचलित कानून बमोजिम उक्त संरचना तथा सामग्री हटाई आवश्यक कारवाही अघि बढाउने व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि अनुरोध गरिन्छ ।



**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
**व्यास नगरपालिका-२, दमौली तनहुँ**
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा






**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com,
www.bhanjyangnews.com



**रक्तचाप परीक्षण :** तनहुँको व्यास नगरपालिका-९ स्थित कात्तिके चौर स्वास्थ्य चौकीकी स्वास्थ्यकर्मी अनिता बुढा सेवा क्षेत्रका सेवाग्राहीको घरमै पुगेर रक्तचाप परीक्षण गर्दै । उक्त स्वास्थ्य चौकीले मेवाबारी सिम्ले स्वास्थ आमा समुहको मासिक बैठक गरी समुहका सदस्यहरूको रक्तचाप परीक्षण तथा आवश्यक औषधि वितरण गरेको थियो । *तस्विर : भञ्ज्याङ*

## facebook twitter



**Muma Ram Khanal**
x.com/MumaRamKhanal

मुलुकका 'घिउ बेचुवा' र 'तरवार बेचुवा' राजनीतिक जुवारीहरूको बिचमा प्रदेश सरकार चलाउने सहमतिको 'खाल' सम्पन्न भएछ ।
यस्तै गति र जुवारी मतिले संघिय सरकार शर्मनाक ढंगले गुमेको एक बर्ष पनि नपुग्दै उही दलदलमा डुबेर पुनः आत्महत्या गर्न कति सकेको? एउटै शरिरलाई पटक पटक 'आत्महत्या' गरेर नागरिकलाई कति धेरै खुसी दिएका हौ के कमाउनिष्ट !



**सुदीप खनिया**
x.com/sudeepkhaniya

प्रचण्ड बहुमत भए नि ब्रिटिश प्रमले राजिनामा दिए, आज भारतका धर्मेन्द्र प्रधानले। लोकतन्त्र कति बलियो भन्ने कुरो राजिनामाले पनि बताउने रहेछ। संसदको अंकगणित मात्रै नागरिक अभिमत मान्दा श्रीलंका, बंगलादेश र भदौ २३, २४ आउने रहेछ। चुनाव जस्तै राजिनामा नि रहेछ, लोकतन्त्रको सेफ्टि भल्भ !



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

उत्पादन, रोजगारी र विकासका लागि हाम्रो राज्य प्रणाली अझै अनुकूल छैन। यी क्षेत्रमा परिणाम दिन नसक्ने राजनीतिको बाटो कठिन छ। सूचना प्रवाहको विकेन्द्रीकरण र युवापुस्ताको बदलिँदो आकांक्षाले अब राजनीतिसामु सत्ताको स्वाद चाख्ने अवसर होइन, जनआकांक्षाको पहाड छिचोल्ने चुनौती खडा गरेको छ ।

# शिक्षा, अनुसन्धान, पठन संस्कृति र स्थानीय साहित्य प्रवर्द्धनका लागि क्याम्पस र प्रतिष्ठानबीच समझदारी

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको आदिकवि भानुभक्त क्याम्पस र एकदेव आले स्मृति प्रतिष्ठान (एकदेव आले पुस्तकालय) बीच शिक्षा, अनुसन्धान, पठन संस्कृति तथा स्थानीय भाषा-साहित्यको प्रवर्द्धनमा सहकार्य गर्ने उद्देश्यले संस्थागत समझदारीपत्र (एमओयू)मा हस्ताक्षर गरिएको छ ।

व्यास नगरपालिका-१ विज्ञानचौरस्थित आदिकवि भानुभक्त क्याम्पस र व्यास नगरपालिका-३ दमौलीस्थित एकदेव आले स्मृति प्रतिष्ठानबीच शुक्रबार क्याम्पसका तर्फबाट सञ्चालक समितिका अध्यक्ष केशबहादुर सुनार र प्रतिष्ठानका तर्फबाट कार्यसमितिका अध्यक्ष मनुमाया श्रेष्ठले समझदारीपत्र आदान-प्रदान गरेका थिए ।

समझदारीपत्रमा क्याम्पसका तर्फबाट क्याम्पस प्रमुख महाप्रसाद हड्खले र प्रतिष्ठानका तर्फबाट कार्यसमितिका अध्यक्ष मनुमाया श्रेष्ठले हस्ताक्षर गरेका छन् ।

कार्यक्रममा क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष श्रीराम कार्की,



सहायक क्याम्पस प्रमुख डा. रामकुमार अधिकारी, विश्वेश्वर तिमल्सेना र बिमल गिरी, विज्ञान विभाग प्रमुख सागर न्यौपाने, प्रशासकीय अधिकृत वसन्ती थापा आले मगर तथा प्रतिष्ठानका महासचिव नेत्र रानाभाट र सचिव शिव सदाशंकरको उपस्थिति रहेको थियो ।

नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा, अनुसन्धान, भाषा, साहित्य, संस्कृति संरक्षण, सूचना तथा ज्ञानमा पहुँच र दिगो विकासका सिद्धान्तलाई आत्मसात् गर्दै दुवै संस्थाबीच दीर्घकालीन सहकार्यको आधार तयार गर्न समझदारी गरिएको क्याम्पस प्रमुख हड्खलेले जानकारी गराए ।

समझदारीअनुसार दुवै संस्थाले पुस्तकालय स्रोत र सेवामा साझेदारी गर्ने, पठन संस्कृति तथा साक्षरता अभियान सञ्चालन गर्ने, ज्ञान र सांस्कृतिक सम्पदाको संरक्षण तथा प्रवर्द्धनमा सहकार्य गर्ने, तनहुँको स्थानीय भाषा र साहित्यसम्बन्धी परियोजनामा संयुक्त रूपमा काम गर्ने, समावेशी पुस्तकालय सेवा विस्तार गर्ने तथा अनुसन्धान प्रतिवेदन र डिजिटल सामग्री संयुक्त रूपमा प्रकाशन गर्नेछन् ।

समझदारीपत्र हस्ताक्षर भएको मितिदेखि लागू भई पाँच वर्षसम्म कायम रहनेछ । यस सहकार्यले तनहुँमा शैक्षिक, अनुसन्धानमूलक तथा सांस्कृतिक वातावरणलाई थप सुदृढ बनाउँदै उच्च शिक्षा संस्था र सामुदायिक पुस्तकालयबीचको सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याउने विश्वास दुवै पक्षले व्यक्त गरेका छन् ।

# ३२औं विश्व आदिवासी दिवस तीन दिन मनाइने

भञ्ज्याङ समाचारदाता/दमौली

नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद तनहुँले ३२औँ विश्व आदिवासी दिवस तीन दिनसम्म विविध कार्यक्रम गरी मनाउने भएको छ।



परिषदका अध्यक्ष सनम तामाङको अध्यक्षतामा शनिबार बसेको बैठकले दिवसलाई भव्य रूपमा मनाउने निर्णय गरेको हो।

जस अनुसार साउन २२ गते सरकारी तथा गैरसरकारी संस्था, राजनीतिक दल तथा अन्य सम्बन्धित निकायहरूसँग आदिवासी जनजातिको हक अधिकार र आईएलओ सम्बन्धी विचार गोष्ठी गरिनेछ।

साउन २३ गते माध्यमिक विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगिता र २४ गते जिल्लाका १० वटै स्थानीय तहहरूमा सांस्कृतिक झाँकी र र्‍यालीसहित विविध कार्यक्रम गरिने अध्यक्ष तामाङले जानकारी दिए ।

बालबालिकालाई डिजिटल जोखिमबाट सुरक्षित गरौं

- बालबालिकालाई सुरक्षित र जिम्मेवार डिजिटल प्रयोगबारे सचेत गराऔं,
- व्यक्तिगत विवरण, पासवर्ड र गोप्य जानकारी सुरक्षित राख्न सिकाऔं,
- अपरिचित व्यक्तिसँग अनलाइन सम्पर्क गर्दा सावधानी अपनाऔं,
- शंकास्पद लिङ्क, सन्देश र सामग्रीबाट टाढा रहन प्रेरित गरौं,
- इन्टरनेट प्रयोगमा अभिभावकीय निगरानी र संवाद बढाऔं,
- सामाजिक सञ्जालको सकारात्मक र मर्यादित प्रयोग गरौं,
- अनलाइन दुर्व्यवहार भए/गरेको पाइएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं।

प्रविधिको सही प्रयोगमार्फत बालबालिकाको सुरक्षित भविष्य निर्माण गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com, newsbhanjyang@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४